annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२८, पृष्ठ ८ | काठमाडौं, शनिबार १२ पुस २०८२ | पौष शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४६ | SATURDAY, DECEMBER 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# होनहार बनाउन अखबार

बौद्धिकता, ज्ञान, शिक्षा, आधिकारिकता, सही सूचना र सन्देशका लागि अखबार नि:सन्देह निर्विकल्प साधन बनिरहेको छ । भारतका उत्तर प्रदेशलगायत कतिपय राज्यका निर्णय/निर्देशन यसका उदाहरण हुन्- जहाँ, विद्यालयमा दैनिक अखबार पढ्न अनिवार्य गरिएको छ । अनुसन्धानहरूले पनि पत्रिकाले विद्यार्थीमा भाषिक क्षमता, समालोचनात्मक सोच, सामाजिक चेतना र पठन संस्कृतिमा बल पुर्‍याउने देखाएका छन् । अर्कातिर, पत्रिका पढाइले मोबाइल र अन्य स्क्रिनमा बित्ने समय घटाउँछ । आँखाको स्वास्थ्य सुरक्षित राख्छ । र, विद्यार्थीलाई भविष्यको सचेत नागरिक बन्न मार्गदर्शन गर्छ । त्यही भएर विश्वका ५० भन्दा बढी देशमा 'न्युज पेपर इन एजुकेसन' कार्यक्रमै लागू छ ।

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*

**- को रिपोर्ट**













अध्ययन-अध्यापनमा अखबार अनिवार्य गरिएका विषय समेटिएका भारत र मलेसियाका मिडियामा प्रकाशित समाचारहरू ।

## भित्री पृष्ठ



रारा : शब्द हार्ने सौन्दर्य - पृष्ठ ३



ए ! मालको भुवो ...भस्सी रे भस्सो - पृष्ठ ४



बदल्ने विपश्यना - पृष्ठ ५



प्रसारणलाइन तारमुनि जग्गाको कित्ताकाट गर्न सहज - पृष्ठ ७

# सञ्चारमन्त्रीको घर दौडाहा

## निर्वाचनको वातावरण बनाउन शीर्ष नेताको घरघर धाउँदै सरकार

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले शुक्रबार तीन दलका शीर्ष नेताको घरमै पुगेर भेटवार्ता गरेका छन्। कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को निवासमै पुगेर सञ्चारमन्त्री खरेलले फागुन २१ मा निर्धारित चुनावमा भाग लिन आग्रह गरेका थिए।

निर्वाचनको 'सुरक्षा र चुनावी वातावरणप्रति' प्रमुख दलले आशंका व्यक्त गरिरहेका बेला सञ्चारमन्त्री खरेलले शीर्ष नेताको घरमै पुगेर सुरक्षाको उचित प्रबन्ध गर्दै निष्पक्ष, धाँधलीरहित र विश्वसनीय निर्वाचन गर्न सरकार कटिबद्ध रहेको भन्दै सरकारका तर्फबाट प्रतिबद्धता जनाएका थिए। प्रधानमन्त्री सुशीला कार्कीले पनि दल र शीर्ष नेतृत्वसँग संवाद र छलफल अघि बढाइसकेकी छन्।



अन्तरिम सरकारले फागुन २१ मा निर्वाचन तोकिए पनि निर्वाचनप्रति संशय कायमै छन्। सरकार भने जसरी पनि तोकिएको समयमा निर्वाचन गराउन जोडबल लगाइरहेको छ। जेन-जीकै जगमा बनेको सरकार पछिल्लो पटक जेन-जीकै निसानामा छ। कतिपय जेन-जीहरू सरकारको राजीनामा मागिरहेका छन्। जेन-जी पनि आफूप्रति खनिन थालेपछि सरकारले दलहरूसँग निकटता बढाउन सुरु गरेको छ। 'ठूला दलका शीर्ष नेताको मुख पनि हेर्दिनँ' भन्ने प्रधानमन्त्री कार्कीले राष्ट्रपति भवन शीतल निवासमा शीर्ष नेतृत्वसँग छलफल गरेकी छन्।

शनिबार पनि तीन शीर्ष नेतालाई बालुवाटारमा नै बोलाएर भेटवार्ता गर्ने मिति समेत प्रधानमन्त्री कार्कीले तय गरिसकेकी छन्। प्रधानमन्त्री कार्कीका दूतका रूपमा सञ्चारमन्त्री खरेल नेताहरूसँग संवाद र भेटघाटमा खटिएका छन्। खरेलले तीन शीर्ष नेताको निवासमा नै पुगेर सरकारले निर्वाचनको वातावरण बनाएको दाबी गर्दै चुनावमा निर्धक्क भएर भाग लिन आह्वान गरेका छन्। केही दिनअघि कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको कार्यालयमा पुगेर निर्वाचनमा सहभागी हुनु आह्वान गरेका थिए। कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टीका साथै राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालगायत कार्यालयका पुगेर नै चुनावमा भाग लिन आह्वान गरेका छन्।

तीन दलका शीर्ष नेता भेटेपछि खरेलले चुनावका लागि वातावरण तयार पार्नका लागि लागिपरेको जानकारी गराएको बताए। उनले भने, 'तीन ठूला राजनीतिक दलका नेताहरूसँग कुराकानी गर्‍यौं। निर्वाचनको वातावरण बनाउनका लागि शीर्ष नेताहरूसँग छलफल भएको हो।' भेटवार्ता कांग्रेस सभापति देउवाले आफूहरूको प्राथमिकता चुनाव नै भएको बताएको मन्त्री खरेलको भनाइ छ। उनले भने, 'शेरबहादुर देउवाले नेपाली कांग्रेसको प्राथमिकता चुनाव नै हो, संसद् पुनर्स्थापना होइन भनेर भन्नुभएको छ। कांग्रेसको तर्फबाट निर्वाचन समयमा सम्पन्न गर्नका लागि गर्नुपर्ने कुराहरू गर्छ पनि भन्नुभएको छ।'

» बाँकी पृष्ठ ६

## जाँचबुझ आयोग खारेज, मागिएको रिटै खारेज

**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनका क्रममा घटेका घटनाहरूको विषयमा छानबिन गर्न गठित जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहित तीन जनाविरुद्ध परेको रिट खारेज गरेको छ।

न्यायाधीशहरू मनोजकुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेलको पूर्ण इजलासले आयोगका अध्यक्षसहित तीन जनाविरुद्ध परेको रिट खारेज गर्ने निर्णय सुनाएको हो। यसअघि सर्वोच्चले उक्त रिटमा लिखित जवाफ माग गर्दै कारण देखाउ आदेश जारी गरेको थियो।

अधिवक्ता विपिन ढकालले आयोगका अध्यक्ष कार्कीसहित सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध रिट दायर गरेका थिए। अधिवक्ता ढकालले रिटको अन्तिम टुंगो नलागेसम्म अध्यक्ष तथा सदस्यका रूपमा कुनै पनि कार्य नगर्न/नगराउन अन्तरिम आदेशको माग गरेका थिए। जेन-जी आन्दोलनका क्रममा भएको मानवीय तथा भौतिक क्षतिको छानबिनका लागि सरकारले पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा छानबिन समिति गठन गरेको छ।

» बाँकी पृष्ठ ६

# समाजले सहेन बुहारीको हत्या

**राजन गाउँले** | *सिन्धुली*

सिन्धुलीको कमलामाई नगरपालिका-४ धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको आइतबार आफन्तबाटै घरमै आगजनी गरेर हत्या भयो। सासू, ससुरा र नन्दले घरभित्रै कोठा थुनेर सुशीलामाथि पेट्रोल छर्केर आगजनी गर्दा सुशीलाको घटनास्थलमै मृत्यु भयो।

उक्त घटनालाई लिएर ६ दिनदेखि सिन्धुलीको अवस्था तनाबग्रस्त बनेको छ। मृतक सुशीलाको न्यायको माग गर्दै सिन्धुलीमा ६ दिनदेखि पीडित पक्षले दबाब सिर्जना गर्दै आन्दोलन गरेका छन्।

जिल्ला प्रहरी कार्यालयमा दबाब दिँदै आन्दोलनरत पीडित पक्ष (मृतक सुशीलाका आफन्त)ले गरेको आन्दोलन बिहीबारसम्म आउँदा सुशीलाको हत्या भएको घरमा तोडफोड र आगजनीमा परिणत भयो। सुशीलाको हत्यापछि सासू, ससुराका आफन्त घरमा आएर सरसामन झिक्न लागेको र त्यसमा प्रहरीको सहयोग रहेको भन्दै बिहीबार स्थानीय र सुशीलाका आफन्तको आक्रोशका कारण कमलामाई नगरपालिका-४ धुराँफाट रातभर तनाबग्रस्त रह्यो।

उक्त घरमा भएको सामान निकाल्न गएका पाँच जना आफन्तलाई स्थानीयले घर घेरेर आक्रमण गर्दा उनीहरूको उद्धार गर्न गएको प्रहरीसहित १० जना घाइते भए। उनीहरूको सुरक्षित उद्धारका लागि जिल्ला प्रशासन कार्यालयले करिब १० घण्टा जिल्ला सदरमुकाम सिन्धुलीमाढीमा कर्फ्युसमेत जारी गर्नुपर्ने अवस्था आयो। आक्रोशित भिडले मृतक सुशीलाको घरमा ढुंगामुढा आक्रमण गर्दा क्षति भएको छ। उक्त घरमा आगजनी गर्ने या डोजर लगाएर भत्काउने स्थानीय र पीडित पक्षको आक्रोश छ। उक्त विषयलाई लिएर सिन्धुली प्रहरी र स्थानीय प्रशासन ६ दिनदेखि तनाबमा छ। सो विषयलाई लिएर शुक्रबार जिल्लामा सर्वपक्षीय/सर्वदलीय बैठकसमेत बसेको छ। सो घटनामा सिन्धुलीमा शान्ति सुरक्षामा खलल पुग्ने भन्दै चिन्ता व्यक्त गरिएको छ। बैठकमा पीडित पक्षलाई न्याय दिने र दोषीमाथि हदैसम्मको कारबाही गर्ने विषयमा छलफल भएको छ। सिन्धुलीका प्रहरी प्रमुख लालध्वज सुवेदीका अनुसार सुशीला हत्याकाण्डलाई लिएर जिल्लामा सर्वदलीय/सर्वपक्षीय छलफल भएको छ। बैठकमा पीडितलाई न्याय दिने गरी पीडक पक्षलाई हदैसम्मको कारबाही गर्ने गरी सहमति भएको छ।



'हामीले अनुसन्धानका क्रममा कुनै कमजोरी गरेका छैनौं, कमजोरी हुन पनि दिँदैनौं', सिन्धुलीका प्रहरी प्रमुख सुवेदीले भने, 'घटनाका विषयमा हामी गम्भीर भएर अनुसन्धान गरिरहेका छौं। यसलाई राजनीतिकरण नहोस् भन्नेमा छौं। प्रहरीले अनुसन्धानमा कुनै पनि कमजोरी गर्नेछैन।'

सो घटनाका विषयमा आन्दोलनरत पीडित पक्षले मृतक सुशीलाको शव बुझ्न मानेका छैनन्। मंगलबार नै सुशीलाको शव पोस्टमार्टम भएको भए पनि हत्यामा संलग्न सुशीलाका ससुरा दुर्गामान बम्जन र श्रीमान् सूर्यबहादुर बम्जनलाई पक्राउ गरी कानुनी दायरामा नल्याएसम्म शव नबुझ्ने उनीहरूको अडान छ।

उक्त घटनामा मृतक सुशीलाका ससुरा वर्ष ६२ का दुर्गामान बम्जनसमेत घाइते भएका छन्। दुर्गामान पनि जलेर घाइते भएका थिए। उनको सिन्धुली अस्पतालमा उपचारपछि थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर वर्न अस्पतालमा प्रहरीको निगरानीमा उपचार भइरहेको छ।

मृतक सुशीलाका श्रीमान् सूर्य बम्जन रोजगारका सिलसिलामा कोरियामा छन्। सुशीलाको हत्या हुनुमा श्रीमान् सूर्य बम्जनको पनि साथ रहेको भन्दै उनलाई समेत नेपाल झिकाएर कारबाही अघि बढाउनुपर्ने पीडितका आफन्तको माग छ। आइतबार दिउँसो करिब साढे ४ बजे साढे दुई तला घरको बीचको तलाको भान्सा कोठामा बम्जनालाई उनकै सासू वर्ष ५९ की मायारानी बम्जन र नन्द वर्ष ३५ की मीना लामा (बम्जन) ले सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाई हत्या गरेको प्रहरीले जनाएको छ। सुशीलाको मृत्युपछि उनका बुबा हरिहरपुरगढी गाउँपालिका-४ का प्रेमबहादुर घिसिङले सोमबार सुशीलाको सासू मायारानी बम्जन, नन्द मीना बम्जना, ससुरा दुर्गामान बम्जनलगायतको नाममा किटानी जाहेरी दिएका छन्। प्रहरीले प्रमुख सुवेदीले भने, 'उक्त जाहेरी दर्तासँगै सोमबार नै ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान) मुद्दा शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत सिन्धुलीबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान थालिएको छ।'

यसैबीच सिन्धुलीको तीनपाटन गाउँपालिका-३ राम्चेकी ५३ वर्षीय टंकमाया बुढाथोकी चार दिनदेखि बेपत्ता छिन्। उनको खोजीकार्य जारी रहे पनि कतै हत्या भएको हो कि भन्ने आशंकामा अनुसन्धान अघि बढाइएको सिन्धुलीका प्रहरी प्रमुख सुवेदीको भनाइ छ।

बुढाथोकीको खोजीका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीको टोली, बागमती प्रदेश प्रहरी कार्यालयको तालिम प्राप्त कुकुरसहितको अनुसन्धान टोलीले अनुसन्धान थालेको छ।

घरमा एक्लै बस्दै आएकी बुढाथोकीको जोखबिनका लागि स्थानीयले प्रहरीलाई उजुरी गरेका थिए। उनको घरमा सुत्ने बेडमा रगत भएको, केही दिसापिसाब भेटिएको र घरबाट केही पर गल्लीसम्म रगत भेटिएकाले हत्या नै भएको हो कि भन्ने आशंकामा प्रहरीले अनुसन्धान थालेको छ।

» बाँकी पृष्ठ ६